**कोहलपुर नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड: ०६** **संख्या: ०३** **मिति: २०७९/०७/२७**


**भाग - ०२**

**कोहलपुर नगरपालिका**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) बमोजिम कोहलपुर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## अटो तथा विद्युतीय रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि कार्यविधि, २०७९

कोहलपुर नगरपालिकामा सञ्चालन हुने विद्युतीय रिक्सा तथा पेट्रोलियम पदार्थबाट चल्ने तिन पाङ्ग्रे टेम्पुहरुलाई व्यवस्थापन गरी नगरको आवश्यकता, ट्राफिक व्यवस्थापनमा सहजता, बजार व्यवस्थापन गर्न तथा सवारी यात्रु, सवारी चालक, सवारी धनीहरुको हित प्रवर्द्धन गर्दै स्थानिय यातायात सुरक्षा र नियमन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ट) खण्ड ४ को अधिकार कार्यान्वयन गर्न र सोहि ऐनको दफा ११ को उपदफा ४ (ट) बमोजिम अधिकार प्रदेश कानुन बनी अन्यथा व्यवस्था भएमा सोही बमोजिम हुने गरी हाल उल्लेखित व्यवस्था कार्यान्वयन गरी नगर क्षेत्रमf चल्ने विद्युतीय रिक्साको दर्ता, अनुमति, नगर क्षेत्रलाई आवश्यक संख्याको निर्धारण, रुट निर्धारण, भाडा दर निर्धारण तथा नियमन जस्ता कार्यलाई व्यवस्थित गर्दै वैकल्पिक तथा नविकरणीय उर्जाबाट चल्ने सवारी साधनलाई प्रवर्द्धन गर्दै यातायात सुरक्षालाई भरपर्दो र विश्वसनीय बनाउन आवश्यक देखिएको हुँदा कोहलपुर नगरपालिकाले देहाय बमोजिमको कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "अटो तथा विद्युतीय रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७९" हुनेछ ।

(२) प्रारम्भः यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएका मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यविधि" भन्नाले अटो तथा विद्युतीय रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७९ भन्ने बुझिनेछ ।

(ख) "विद्युतीय रिक्सा" भन्नाले पेट्रोलियम पदार्थ बिना विद्युत, सौर्य उर्जा वा नविकरणीय उर्जाबाट चार्ज हुने रिक्सा भन्ने बुझिनेछ । जसलाई छोटकरीमा इ-रिक्सा भनिनेछ । उक्त शब्दले इन्जिन जडित पेट्रोलियम पदार्थबाट चल्ने तिनपाङ्ग्रे टेम्पु समेत लाई जनाउने छ ।

(ग) "म्यानुअल रिक्सा" भन्नाले मानव श्रम शक्तिद्वारा सञ्चालन हुने परम्परागत रिक्सा भन्ने बुझिनेछ ।

(घ) "संचालन अनुमति" भन्नाले कोहलपुर नगरपालिकाले रुट निर्धारण गरी नगर क्षेत्र भित्र सञ्चालन गर्न अनुमति दिई सम्बन्धित यातायात व्यवस्था कार्यालयमा सिफारिस गरी दर्ता भएका र दर्ताका लागि सिफारिस भएका विद्युतीय रिक्साको संचालन अनुमतिलाई बुझाउने छ ।

(ङ) "रुट" भन्नाले विद्युतीय रिक्सा सञ्चालनका लागि नगर क्षेत्र भित्र निश्चित क्षेत्र तोकी रुट इजाजत पत्रमा उल्लेखित रुट (बाटो) भन्ने बुझाउने छ ।

(च) "क्रसिङ बिन्दु" भन्नाले कोहलपुर नगरपालिकामा सञ्चालन हुने गरी दर्ता तथा रुट इजाजात प्राप्त गरेको विद्युतीय रिक्साहरुले राजमार्ग सडक वारपार गर्ने प्रयोजनका लागि ट्राफिक प्रहरी कार्यालयले निर्धारण गरी दिएको निश्चित संख्याका राजमार्ग सडक वारपार गर्ने स्थान भन्ने बुझिन्छ ।

(छ) "समिति" भन्नाले यसै कार्यविधिको दफा ३० बमोजिमको गठित व्यवस्थापन समितिलाई बुझिनेछ ।

(ज) "स्वरोजगार" भन्नाले आफ्नो वा एकाघर परिवारको नाँउमा बिलबुक भई सवारी चालक अनुमति प्राप्त गरी आफैले  सवारी चलाएको व्यक्ति भन्ने बुझिन्छ ।

(झ) "नगर कार्यपालिका" भन्नाले कोहलपुर नगरपालिकाको नगर कार्यापालिकालाई बुझाउने छ ।

(ञ) "नगर कार्यपालिका कार्यालय" भन्नाले कोहलपुर नगरपालिकाको नगर कार्यपालिका कार्यालयलाई बुझाउने छ ।

(ट) "नगर क्षेत्र" भन्नाले कोहलपुर नगरपालिकाको सिमाना भन्ने बुझाउने छ ।

(ठ) “प्रमुख” भन्नाले कोहलपुर नगरपालिकाको प्रमुख भन्ने बुझाउने छ।

(ड) “उप-प्रमुख” भन्नाले कोहलपुर नगरपालिकाको उप-उप्रमुख भन्ने बुझाउने छ।

(ढ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले कोहलपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ।

(ण) “पार्किङ स्थल” भन्नाले सवारी अड्याउन निर्धारित ठाँउलाई समेत जनाउदछ।

(त) “स्टेशन” भन्नाले सवारी साधन आलोपालो गरी यात्रु चढाउन निर्धारित समय र संख्यामा सवारी अडिन तोकिएको स्थानलाई जनाउदछ।

(थ) “सवारी” भन्नाले ई-रिक्सा तथा अटो रिक्साजन्य सवारी साधन समेत भन्ने बुझिनेछ।

(द) “अधिकार प्राप्त अधिकारी” भन्नाले प्रमुख प्रशासकिय अधिकृत लाई सम्झनुपर्दछ।

## परिच्छेद - २
## दर्ता सम्बन्धी

**३. संचालन अनुमति लिनु पर्नेः** (१) कोहलपुर नगरपालिकाको क्षेत्र भित्र सञ्चालन गरिने विद्युतीय रिक्सा म्यानुअल रिक्सा वा अन्य जुनसुकै किसिमका टेम्पु जस्ता साना सार्वजनिक सवारी साधनले प्रचलित कानुन बमोजिम दर्ता गर्नु पर्ने निकायबाट दर्ता गरी कोहलपुर नगरपालिकाबाट पञ्जिकृत भई संचालन अनुमति (रुट परमिट) लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संचालन अनुमति नलिई नगर क्षेत्र भित्र त्यस्ता सवारी साधन सञ्चालन गर्न पाइने छैन ।

**४. अन्यत्र दर्ता भएका सवारी सञ्चालनमा रोक लगाइनेः** अन्यत्र पंजीकृत भएका सवारी कोहलपुर नगरपालिकाको राजमार्ग सडक बाहेक अन्य सडकमा सञ्चालनका लागि पुर्णतः बन्देज गरिनेछ । तर छिमेकी पालिकामा रुट इजाजत प्राप्त सवारी साधनले बिरामी उपचारका लागि लिएर आएको अवस्था बाहेक सिमा क्षेत्रमा १ कि.मि भन्दा बढी क्षेत्रमा सवारी ल्याउन पाइने छैन र फर्किदा बिरामी बाहेकका यात्रु लिएर फर्किन पाइने छैन ।

**५. दर्ता गर्नु पर्नेः** (१) नगर क्षेत्रमा सञ्चालन हुने गरी यसै कार्यविधिमा उल्लेखित संख्यामा नबढने गरी दर्ताका लागि प्राप्त हुने निवेदनको छानबिन गरी निबेदन प्राप्त भएको मितिले १५ दिन भित्र ई-रिक्सा दर्ता गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता हुने विद्युतीय रिक्साको लगत अभिलेख खडा गरी पहिचान खुल्ने सवारी साधन नं. उपलब्ध गराउन सक्नेछ ।

(३) सवारी दर्ता प्रकिया पुरा भएपछि अनुसूची २ बमोजिम सवारी दर्ता प्रमाण पत्र दिनुपर्नेछ।

(४) दर्ता भएका विद्युतीय रिक्साको वार्षिक नवीकरण गर्नु पर्ने छ।

(५) दर्ता तथा नवीकरण शुल्क नगर सभाले निर्धारण गरे बमोजिम हुनेछ।

(६) रुट इजाजत शुल्क कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(७) नगर सभाबाट तोकिए बमोजिम वार्षिक सवारी कर बुझाउनु पर्नेछ।

(८) दर्ता तथा नविकरण शुल्क नगर सभाबाट निर्धारण नभएसम्म अनुसूची ६ बमोजिम हुनेछ।

**६. सुचना गर्नुपर्नेः** (१) यो कार्यविधि लागु भए पश्चात संचालन अनुमतिका लागि पहिलो पटक नगर कार्यपालिकाले कम्तीमा २१ दिने सार्वजनिक सुचना गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुचना प्रकाशित गरी प्राप्त हुने निवेदनको छानबिन र दर्ता गर्दा देहाय बमोजिम क्रमको प्राथमिकताको आधारमा दर्ता गर्नु पर्नेछ।

(क) नगर कार्यपालिका कार्यालयद्धारा प्रकाशित सुचना बमोजिम पेश भएका विद्युतीय रिक्साहरु

(ख) सुचना बमोजिम उल्लेखित पहिलो प्राथमिकताको क्रममा सवारीहरुको दर्ताका लागि सम्पर्क गर्न नआएमा वा रित नपुगेका कारण दर्ता नभएमा निर्धारित संख्या छ सय मा जति अपुग हुन्छ बाँकी अपुग संख्यामा दर्ताका लागि पुनः २१ दिनको सार्वजनिक सुचना प्रकाशित गर्नु पर्नेछ। त्यसरी सुचना प्रकाशित गर्दा यस कार्यविधिमा तोकिएका अन्य कुराका अलावा देहाय बमोजिमको प्राथमिकताको क्रम समेत तोकी सुचना प्रकाशित गरिने छ ।

१) स्थानीय (नगर क्षेत्र) को स्वरोजगार महिला।

२) स्थानीय (नगर क्षेत्र) स्वरोजगार।

३) स्थायी वासिन्दा (कोहलपुर नगरपालिका)

४) छिमेकी पालिका (वैजनाथ गा.पा., राप्तिसोनारी गा.पा. र जानकि गा.पा.) का स्थायी वासिन्दा

५) बाँके जिल्लाको अन्य पालिकाका बासिन्दा।

६) अन्य जिल्लाबाट नागरिकता प्राप्त गरी कोहलपुर नगरपालिकामा अस्थायी बसोवास गरेका वासिन्दा

७) नेपाली नागरिक।

**७. निवेदन दिनु पर्नेः** (१) दफा ५ बमोजिम दर्ता गर्न, दर्ता अनुमति सिफारिस तथा रुट इजाजत प्रयोजनका लागि सम्बन्धित सवारी धनीले देहाय बमोजिमका विवरण संलग्न गरी दर्ताका लागि अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(क) सवारी धनीको नाम थर ठेगाना, नागरिकता नं. र प्राप्त जिल्ला, नागरिकताको प्रतिलिपि

(ख) सवारी खरिद गरेको मिति र खरिद गरेको बिल विजक वा प्रमाणित प्रतिलिपि

(ग) सवारीको चेसिस नम्बर

(घ) सवारी चालक आफै भए चालक अनुमति पत्रको प्रतिलिपिः

(ङ) नेपाल सरकार/ प्रदेश सरकारका निकाय, विभाग वा कार्यालयमा दर्ता भएको भए सवारी नं. र बिल बुकको प्रतिलिपि, दर्ता हुँदा रुट इजाजत पत्र प्राप्त गरेको भए सो को विवरण र पुष्टि हुने कागजात ।

(च) उल्लेखित विवरण र कागजात सहित निवेदन पर्न आएमा नगर कार्यपालिका कार्यालयले छानबिन गरी १५ दिन भित्र दर्ता अनुमति सिफारिस र रुट इजाजत पत्र र सवारी साधन नम्बर दिन सक्नेछ ।

८. **म्यानुअल रिक्सा दर्ता तथा संचालनः** (१) नगर क्षेत्र भित्र म्यानुअल रिक्सा दर्ता तथा सञ्चालन गर्न पाइने छैन। तर बिगतमा दर्ता भएका म्यानुअल रिक्सा नवीकरण र सञ्चालन गर्न भने रोक लगाईने छैन। यस दफा बमोजिम दर्ता भई सञ्चालनमा रहेका रिक्साको फ्रेम, च्यासिस नं. परिवर्तन गर्न पाईने छैन । लगातार २ वर्ष नवीकरण नभएका म्यानुअल रिक्साको दर्ता नवीकरण गरिने छैन

(२) म्याद भित्र नवीकरण नभएका म्यानुअल रिक्सा ३ महिना भित्र तोकिएको जरिवाना बुझाई सञ्चालन अनुमति लिन सक्नेछ।

९. **सवारी चालक अनुमति पत्रः** नगर क्षेत्र भित्र सञ्चालन हुने सवारी साधनका चालकले प्रचलित कानुन बमोजिम सवारी चालक अनुमति पत्र लिएको हुनुपर्नेछ ।

१०. **सवारीको नामसारीः** (१) यस कार्यविधि बमोजिम दर्ता भएको सवारी धनीले आफ्नो सवारी अरु कसैलाई दान वकस दिई वा विक्रि गरी वा अन्य कुनै किसिमले स्वामित्व हस्तान्तरण गरेमा १५ दिनभित्र सो सवारीको नामसारीको लागि दर्ताको प्रमाण-पत्र र सवारी साधन कर तिरेको निस्सा समेत संलग्न राखी तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्छ।

(२) सवारी धनीको मृत्यु भई जसको नाममा स्वामित्व हस्तान्तरण हुनुपर्ने हो सो हकवालाले सवारी धनीको मृत्यु भएको मितिले ३५ दिनभित्र दर्ताको प्रमाण-पत्र र सवारी कर तिरेको निस्सा संलग्न राखी अधिकार प्राप्त अधिकृत समक्ष दरखास्त दिनुपर्छ।

(३) उपदफा (१) र (२) बमोजिम गरेको दरखास्तमा जाँचबुझ गरी अधिकार प्राप्त अधिकारी वा निजले तोकेको अधिकृतले दर्ता प्रमाण-पत्रमा नामसारीको व्यहोरा जनाई नामसारी गरिदिन पर्दछ।

## परिच्छेद -३
## यातायात व्यवस्थापन

**११. बाटो (रुट) इजाजत निर्धारणः** (१) यस कार्यविधि बमोजिम दर्ता भई सञ्चालन हुने सवारी साधनहरु सञ्चालन गरिने रुटको निर्धारण नगर कार्यपालिकाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको रुट निर्धारण नभएसम्म यस कार्यविधि बमोजिम अनुमति प्राप्त सवारी साधनहरुको रुट अनुसूची ८ मा तोके बमोजिम हुनेछ।

(क) नगर क्षेत्रमा संचालन अनुमति प्राप्त चालकले रुट इजाजत पत्र साथमा राख्नुपर्नेछ।

(ख) प्रत्येक सवारी धनीले रुट इजाजत पत्र लिएको हुनुपर्नेछ।

(ग) अटो रिक्सा (पेट्रोल) को हकमा यातायात व्यवस्था कार्यालयबाट दर्ता नवीकरण भएको सवारी साधनलाई मात्र रुट परमिट प्रदान गरिनेछ।

(घ) रुट परमिट छ महिनाको लागि जारी हुनेछ।

(३) रुट परमिट नलिई यातायात सेवा सञ्चालन गर्न नहुनेः

(क) सवारी धनी तथा व्यवस्थापकले रुट परमिटको लागि तोकिएको दस्तुर सहित अनुसुचि १ को ढाँचामा नगरपालिकामा दरखास्त पेश गरी रुट परमिट लिनुपर्नेछ।

(ख) रुट परमिट नभएका वा रुट परमिट अवधि समाप्त भएका सवारी साधन नगर क्षेत्रमा सञ्चालन गर्न पाइने छैन।

(ग) रुट परमिटको दरखास्त दिदा सवारी दर्ता प्रमाण पत्र, कर चुक्ताको निस्सा तथा विमा तिरेको निस्सा पेश गर्नुपर्नेछ ।

**१२. संख्या निर्धारणः** (१) नगर क्षेत्र भित्र सञ्चालन हुने अटो तथा विद्युतीय रिक्साको संख्या निर्धारण नगर कार्यपालिकाले गर्नेछ।

(२) नगर कार्यपालिकाले उपदफा (१) बमोजिम संख्या निर्धारण गर्दा यात्रुको चाप र सुविधा, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनको अवस्था जस्ता पक्षको विश्लेषण र व्यवस्थापन समितिको सिफारिस समेतका आधारमा संख्या निर्धारण गर्नेछ।

(३) उपदफा १ बमोजिमको विद्युतीय रिक्साको संख्या एकिन गरी निर्धारण नभएसम्मका लागि नगर क्षेत्र भित्र सञ्चालन भई नगर कार्यापालिका कार्यालयबाट एकिन भएको संख्या छ सय मात्र कायम हुनेछ।

(४) उपदफा ३ बमोजिम निर्धारण गरिएको संख्या नगर कार्यपालिकाले समय- समयमा पुनरावलोकन गर्न सक्नेछ।

**१३. आलोपालो तोक्न सक्नेः** यस कार्यविधि बमोजिम निर्धारण गरिएको संख्या बढी भई स्वरोजगार श्रमिकहरुको आम्दानीमा प्रतिकुल असर परेको, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनमा

प्रतिकुल प्रभाव परेका जस्ता कारण पाइएमा नगर कार्यपालिकाले सरोकारवालाहरु समेतको सुझावका आधारमा सवारी साधनलाई आलोपालो प्रणालीका आधारमा सञ्चालन गर्ने गरी तोक्न सक्नेछ । आलोपालो प्रणाली जोरविजोर वा समय वा वडागत आधारमा निर्धारण गर्न सक्नेछ ।

**१४. पार्किङ स्थल, सवारी स्टेशन निर्धारण सम्बन्धमाः** (१) ट्राफिक तथा बजार व्यवस्थापन गर्न यस कार्यविधि बमोजिम दर्ता भएका ई-रिक्सालाई नगर क्षेत्रको विभिन्न स्टेशनहरुमा आलोपालो प्रणालि अपनाई कुनै एक स्थानमा निश्चित समयका लागि निश्चित संख्यामा मात्र बसी व्यवसाय गर्न वा तोकिएको स्थानमा मात्र पार्किङ गर्न पाउने गरी व्यवस्था गर्न सम्बन्धीत अटो रिक्सा तथा ई-रिक्सा व्यवसायीलाई ई-रिक्सा व्यवस्थापन तथा नियमन समितिको सिफारिसमा नगरपालिकाले शर्त तोकी अनुमति दिन सक्नेछ ।

(२) ई-रिक्सा तथा अटो स्टेशनको लागि नगर कार्यपालिका द्धारा एकिन नभएसम्म देहाय बमोजिम स्टेशन कायम रहनेछन् ।

क) कोहलपुर बजार क्षेत्रः

१) टेलिकम चोक प्रतिक्षालय अगाडि-४
२) पोखरा गहना पसल अगाडि-३
३) साझा चोक पुर्व साइड उत्तर तर्फ ३, दक्षिण तर्फ ३
४) विद्युत चोक उत्तर तर्फ ३, दक्षिण तर्फ ३
५) हाईस्कुल चोक चटार जाने बाटो ३, रझेना जाने बाटो ३
६) साझाचोक पश्चिम कोहलपुर पार्टी प्यालेस तर्फ जाने बाटो ४
७) पिपल चौतारा गौतम होम डेकोर अगाडि उत्तर तर्फ २, दक्षिण तर्फ २
८) एन.टि.भि चोक उत्तर तर्फ ३
९) उज्जवल मेडिकल चोक उत्तर तर्फ २, दक्षिण तर्फ २
१०) न्युरोड चोक उत्तर तर्फ ३
११) कोहलपुर चौराहा दक्षिण पश्चिम तर्फ ५
१२) सुर्खेत रोड सालको बोट ३
१३) मेडिकल कलेज पुर्व गेट दक्षिण तर्फ ४
१४) मेडिकल कलेज उत्तर गेट पुर्व तर्फ ३, पश्चिम ३
१५) चप्परगौडि निवुवा चोक ३ पिपलबोट ३
१६) हवल्दारपुर पश्चिम तर्फ उत्तर २ दक्षिण २

**१५. जाँचपास गराउनुपर्नेः** बाटो इजाजत पत्र लिनको लागि सवारी धनी वा व्यवस्थापकले तोकिए बमोजिम दस्तुर तिरी अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त पेश गरी तोकिएको प्राविधिक बाट सवारी साधनको जाँचपास गराउनु पर्नेछ ।

१६. **यातायात सेवा सुचिकृत गर्नुपर्नेः** (१) विद्युतीय रिक्सा सम्बन्धी यातायात सेवा प्रा.लि सञ्चालन गर्दा नगरपालिकामा सम्पुर्ण कागजात पेश गरी नगरपालिकाबाट सुचिकृत भएपछि मात्र यातायात सेवा सञ्चालन गर्नुपर्नेछ ।

(२) यातायात सेवा प्रा.लि सुचिकृत गर्नको लागि नगरपालिकामा देहायका कागजातहरु पेश गर्नुपर्नेछ ।

क) कम्पनी रजिष्टार कार्यालयको दर्ता प्रमाण पत्र
ख) स्थायी लेखा नम्बर
ग) कर चुक्ता कागज
घ) यातायात व्यवस्था विभागको प्रमाण पत्र
ङ) नगर कार्यपालिका कार्यालयको दर्ता प्रमाण पत्र
च) घरेलु तथा साना उद्योग विभागको प्रमाण पत्र
छ) प्रवन्ध पत्र र नियमावलि (प्रा.लि को हकमा) समितिको हकमा विधान

१७. **सिट भन्दा बढी यात्री राख्न नहुनेः** सवारी साधनमा तोकिएको सिट क्षमता भन्दा बढी यात्री राखी सवारी चलाउन हुदैन ।

१८. **भाडा निर्धारण गर्नेः** (१) नगर क्षेत्रमा सञ्चालन हुने ई-रिक्सा तथा अटो रिक्साको भाडा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) सवारी धनी तथा व्यवस्थापकले तोकिए भन्दा बढी भाडा लिन हुदैन ।

(३) नगर क्षेत्रमा सञ्चालन हुने ई-रिक्सा तथा अटो रिक्साको भाडादर नगरकार्यपालिकाले समय समयमा पुनरावलोकन गर्न सक्नेछ ।

(४) कोहलपुर नगर क्षेत्रमा सञ्चालन हुने अटो तथा विद्युतीय रिक्साको भाडा नगर कार्यपालिकाले एकिन नगरेसम्म अनुसूची ७ बमोजिम कायम हुनेछ ।

१९. **अनुचित व्यवहार गर्न नहुनेः** कसैले पनि यात्री तथा चालक सँग अनुचित व्यवहार गर्न हुदैन ।

२०. **सवारी साधनमा धुम्रपान गर्न नहुनेः** सवारी साधनमा कसैले पनि धुम्रपान गर्न हुदैन ।

२१. **सडक सुरक्षा तथा दुर्घटना न्युनिकरणः** ट्राफिक नियमको पालना तथा सडक सुरक्षा सम्बन्धमा नगरपालिका, ट्राफिक प्रहरी, यातायात सेवा प्रा. लि. तथा यातायात मजदुर संगठनहरुको समन्वयमा कम्तिमा ३ महिनामा १ पटक चालक प्रशिक्षण तथा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

२२. **पोशाकः** सवारी चालकले सवारी चलाउदा अनिवार्य रुपमा फ्लोरिसेन्ट ज्याकेट प्रयोग गर्ने र सो को व्यवस्थापन सम्बन्धित व्यवस्थापक वा सवारी धनीले गर्नुपर्नेछ ।

२३. **पुरस्कारः** ट्राफिक नियमको सहि पालना गर्ने, दुर्घटना नगराउने तथा अनुशासनमा रही सवारी चलाउने चालकलाई प्रोत्साहित गर्न सम्बन्धित यातायात सेवा प्रा.लि (व्यवस्थापक) ले वर्षमा कम्तिमा १ जना र यातायात सेवा प्रा.लि हरुको सिफारिसमा छानबिन गरी नगरपालिकाले वर्षमा १ जनालाई उत्कृष्ट चालक पुरस्कारद्धारा पुरस्कृत गर्ने ।

२४. **सवारी चेकजाँचः** (१) सवारी चलाउदा सवारी चालकले सवारी दर्ता किताब, बाटो (रुट) इजाजत पत्र, जाँचपास र सवारी चालक अनुमति पत्र अनिवार्य रुपमा साथमा राख्नुपर्नेछ ।

(२) नगरपालिका कर्मचारी वा नगर प्रहरी वा ट्राफिक प्रहरी द्धारा सवारी चेकजाँच हुदाको समयमा सवारी सम्बन्धी सम्पुर्ण कागजात सवारी चालक वा सवारी धनीले देखाउनु पर्नेछ।

२५. **फोहोर व्यवस्थापनः** (१) सवारी साधनमा उत्पादन हुने फोहोर व्यवस्थापनको लागि हरेक विद्युतीय रिक्सामा सवारी धनीले डस्टविन राख्नुपर्नेछ ।

(२) विद्युतीय रिक्सा स्टेशन तथा पार्किङ स्थलमा उत्पादन हुने फोहोर सम्बन्धित यातायात सेवा प्रा.लि वा व्यवस्थापक ले व्यवस्थापन गर्नुपर्नेछ ।

२६. **स्वीकृत नलिई हेरफेर गर्न नहुनेः** सवारी धनीले अधिकार प्राप्त अधिकारीको स्वीकृत नलिई सवारीको रङ्ग, सीट संख्या, स्वरुप हेरफेर गर्न हुदैन ।

२७. **गति निर्धारणः** अटो तथा विद्युतीय रिक्सा तोके बमोजिमको गतिमा चलाउनु पर्नेछ ।

## परिच्छेद - ४
## सवारी दर्ता किताब, जाँचपास, रुट परमिट तथा नविकरण सम्बन्धमा

२८. **सवारी दर्ता किताब, जाँचपास, रुट परमिट तथा नविकरण सम्बन्धमाः** (१) कोहलपुर नगरपालिका क्षेत्रमा सञ्चालन हुने ई-रिक्साको सवारी दर्ता किताब, रुट परमिट, जाँच पास नगरपालिकाबाट जारी गरिनेछ । सवारी दर्ता हरेक वर्ष, रुट परमिट प्रत्येक ६ महिनामा र जाँचपास प्रत्येक ६ महिनामा नगरपालिकाबाट नविकरण गर्नुपर्नेछ ।

(२) अटो रिक्सा (पेट्रोल) को हकमा यातायात व्यवस्था कार्यालय सँग समन्वय गरी सम्पुर्ण कागजात नगरपालिकाबाटै जारी गर्ने, नभएमा रुट परमिट तथा जाँच पास नगरपालिकाबाट जारी गर्ने र सम्बन्धित सवारी धनीले रुट परमिट तथा जाँच पास प्रत्येक ६/६ महिनामा नगरपालिकाबाट नविकरण गर्नुपर्नेछ ।

(३) सवारी दर्ता किताब को म्याद समाप्त भएको ३ महिना भित्र र रुट परमिट तथा जाँचपास म्याद समाप्त भएको १५ दिन भित्र नविकरण गर्नुपर्नेछ । अन्यथा तोकिए बमोजिम थप जरिवाना लाग्ने छ ।

## परिच्छेद - ५
## सवारी चालक परिचय पत्र सम्बन्धमा

२९. **सवारी चालक परिचय पत्र लिनुपर्नेः** (१) स्थायी चालक अनुमति-पत्र प्राप्त नगरेका तर चालक अनुमति पत्र प्राप्त गर्नको लागि प्रक्रियामा रहेका चालकहरुले सम्बन्धित धनी वा व्यवस्थापकको सिफारीसमा यस कार्यविधिमा तोके बमोजिम चालक परिचय पत्र बनाउनुपर्नेछ ।

(२) **चालक परिचय पत्रको लागि अयोग्यताः** देहायका व्यक्तिहरु चालक परिचय पत्र प्राप्त गर्न  अयोग्य मानिनेछन् ।

(क) १८ वर्ष उमेर नपुगेको व्यक्ति ।

(ख) क्षारे रोग भएको वा मानसिक स्थिति ठिक नभएको वा एकाएक रिङगटा लाग्ने वा मुर्छा हुने किसिमको रोग भएको व्यक्ति ।

(ग) आँखाको देख्ने शक्ति कमजोर भई चस्मा प्रयोग गर्दा पनि सामान्य तवरले देख्ने शक्ति ठिक नभएको व्यक्ति ।

(घ) साधारण ध्वनि संकेत, आवाज सुन्न नसक्ने गरी बहिरो भएको व्यक्ति ।

(ङ) रङहरु तुरुन्त छुट्टयाउन नसक्ने दृष्टि दोष भएको व्यक्ति ।

(च) रतन्धो भएको व्यक्ति ।

(छ) हात खुट्टा शक्ति हिन भई काम दिन नसक्ने व्यक्ति ।

(३) चालक परिचय पत्र वितरण गर्दा अभिमुखिकरण र प्रयोगात्मक परिक्षा समेत हुनेछ।

(४) सवारी चालक परिचय पत्रको अवधि एक वर्षको रहनेछ ।

(५) सवारी चालक परिचय पत्रको ढाँचा अनुसूची – ५ बमोजिम हुनेछ ।

(६) सवारी चालक परिचय पत्र प्राप्त गर्नको लागि दरखास्त वालाले दरखास्त सहित नेपाली नागरिकताको प्रमाण-पत्र, निरोगिताको प्रमाण-पत्र र २ प्रति पासपोर्ट साइजको फोटो पेश गर्नुपर्नेछ ।

## परिच्छेद - ६

## ई-रिक्सा संचालन तथा व्यवस्थापन समिति सम्बन्धि

**३०. अटो तथा विद्युतीय रिक्सा संचालन तथा व्यवस्थापन समितिः** (१) नगर क्षेत्रमा सञ्चालन हुने ई-रिक्सा, टेम्पु जन्य सवारी साधनहरुको संचालन व्यवस्थापन तथा भाडा निर्धारण र नियमन सम्बन्धमा कार्य गर्नको लागि देहाय बमोजिमको समिति गठन गरिनेछ ।

| | | | |
|---|---|---|---|
| क. | उप प्रमुख | - | संयोजक |
| ख. | यातायात व्यवस्था कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि १ जना | - | सदस्य |
| ग. | जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेका प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि १ जना | - | सदस्य |
| घ. | नगर प्रमुखले तोकेको १ जना महिला सहित २ जना कार्यपालिका सदस्यहरु | - | सदस्य |
| ङ. | नगर स्तरीय अटो तथा विद्युतीय रिक्सा व्यवसाय समितिको प्रतिनिधि १ जना | - | सदस्य |

च. जिल्ला स्थित उपभोक्ता हित संरक्षण मंचको प्रतिनिधि १ जना - सदस्य

छ. नगर प्रहरी प्रमुख - सदस्य

ज. कोहलपुर नगरपालिकाका यातायात शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. इ-रिक्सा, म्यानुअल रिक्सा र टेम्पु जन्य साना सवारी साधनको दर्ता, रुट निर्धारण, दर्ता तथा रुट खारेजी जस्ता कार्यमा देखिएका समस्या समाधान गर्ने ।

ख. सम्वद्ध स्वरोजगार चालक तथा सवारी धनीहरुसंग समन्वय गर्ने ।

ग. भाडा दर लागु गर्ने गराउने ।

घ. भाडा दर निर्धारण तथा पुनरावलोकनको लागि कार्यपालिकामा सिफारिस गर्ने ।

ङ. सवारी साधन संचालन योग्य छ छैन भन्ने बारेमा समय समयमा प्राविधिक जाँच गराई संचालन योग्य नदेखिएका सवारी साधनको दर्ता र रुट खारेजीको सिफारीस गर्ने ।

च. नगर क्षेत्रमा संचालित सवारी साधन, ट्राफिक व्यवस्थापनको अवस्था समेतलाई विचार गरी रिक्सा जन्य साना सवारी साधनको संख्या थप घट गर्न नगर कार्यपालिकालाई सिफारिस गर्ने ।

छ. नगरमा संचालित सवारी साधनमा कलर कोड तोक्ने ।

(३) समितिको बैठक व्यवस्थापन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**३१. बिमा गर्नुपर्नेः** सवारी धनीले प्रचलित कानुन बमोजिम यात्रु तथा तेश्रो पक्ष बिमा गर्नुपर्नेछ।

**३२. सवारी धनी तथा सवारी चालकले पालना गर्नुपर्ने शर्तः** यस कार्यविधिमा अन्यत्र उल्लेख भएकोमा उल्लेख भए बमोजिम र उल्लेख नभएको हकमा देहाय बमोजिम शर्त पालना गर्नु पर्नेछ।

(क) सवारी चालकको नामथर, ठेगाना र फोन नं. सहित पहिचान खुल्ने विवरण सवारी साधनमा सबैले देख्ने गरी राख्नुपर्नेछ ।

(ख) निषेधित क्षेत्रमा सवारी सञ्चालन गर्न पाइने छैन ।

(ग) दर्ता नभएका र नवीकरण नभएका सवारी साधन सञ्चालन गर्न पाइने छैन ।

(घ) सवारी धनीले सवारी चालकलाई नियुक्ति पत्र वा फोटो सहितको परिचय पत्र उपलब्ध गराउने र सवारी चालकले अनिवार्य परिचय पत्र लगाउनु पर्नेछ ।

(ङ) मादक पदार्थ वा लागु औषध सेवन गरी सवारी संचालन गर्न पाइने छैन ।

(च) यात्रु संग मर्यादित व्यवहार गर्नु पर्नेछ ।

(छ) सवारी चलाउदा ट्राफिक नियमको पुर्ण पालना गर्नुपर्नेछ ।

(ज) सवारी भित्र यात्रुले स्पष्ट देख्ने र बुझ्ने गरी सवारी नम्बर लेख्ने र सोको मुनि भाडादर सुची अनिवार्य रुपमा राख्ननुपर्नेछ ।

(झ) यात्रुको मालसामानको राम्रो संग रेखदेख तथा हिफाजत गर्नुपर्नेछ । यात्रुको छुटेको सामान सकेसम्म सम्बन्धित यात्रीलाई वा व्यवस्थापक वा नजिकको सुरक्षा निकायमा बुझाउनु पर्नेछ ।

(ञ) सवारी साधनमा सवार यात्रुहरुको शंकास्पद गतिविधि पाइएमा नजिकको सुरक्षा निकायमा जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद - ७

## दण्ड जरिवाना

**३३. सजायः-** यस कार्यविधिको विपरीत दर्ता अनुमति विना सवारी संचालन गरे गराएमा वा रुट अनुमति बिना सवारी चलाएमा, सवारी चालक अनुमति/(लाइसेन्स) प्राप्त नगरी सवारी साधन चलाएको पाइएमा वा तोकिएको भन्दा बढी भाडा लिएको पाइएमा वा निषेधित क्षेत्रमा सवारी संचालन गरेको पाइएमा वा दफा ३, ४, ५, ८, ९, ११, १३, १४, १५, १६, १७, १८, १९, २०, २२, २५, २६, २७, २८, ३१, ३२ बमोजिमको शर्त उल्लंघन गरेमा देहाय बमोजिमको जरिवाना हुनेछ ।

क. पहिलो पटक भएमा रु.२००/- जरिवाना, दोस्रो पटक सोहि कसुर गरेमा रु. ५००/-, तेश्रो पटक सोही कसुर गरेमा रु.१०००/- जरिवाना हुनेछ । तिन पटक भन्दा बढी पटक पटक सोही कसुर गरेमा दर्ता अनुमति र रुट परमिट खारेज हुनेछ ।

ख. दण्ड जरिवाना गर्ने अधिकारी प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत हुनेछ ।

ग. कसुर बापतको जरिवाना रकम सम्बन्धित व्यक्तिले नगरपालिकाले तोकेको बैँकमा वा राजस्व शाखामा बुझाउनु पर्नेछ ।

घ. यस कार्यविधिको शर्त उल्लंघन गर्ने सवारी चालक वा धनीलाई डियुटीमा खटिएका नगर प्रहरी कर्मचारीले नगरपालिकाबाट निर्धारित ढाँचामा कसुर उल्लेख गरी चौबिस घण्टे पुर्जी जारी गर्नेछ ।

ङ. नगर प्रहरी कर्मचारीले पुर्जी जारी गर्दा सवारीको दर्ता प्रमाण पत्र वा रुट परमिट वा जाँचपास वा सवारी चालक अनुमति पत्र मध्ये कुनै एक वा सबै कागजात खिच्न सक्नेछ। कार्वाहीको क्रममा कागजात खिचि लिएमा अनुसूची - ९ बमोजिमको पर्चा दिनुपर्नेछ ।

## परिच्छेद-८
## विविध

**३४. विविधः** (१) दर्ता अनुमति भई रुट इजाजत प्राप्त ई-रिक्साहरुको सञ्चालन अवधि यो कार्यविधि बमोजिम रुट इजाजत प्राप्त भएका मितिले राजमार्ग तथा बजार क्षेत्रमा ५ वर्षको अवधि रहनेछ र सो पश्चात २ वर्ष सम्म ग्रामिण क्षेत्रमा सञ्चालन हुन सक्नेछ। उक्त अवधि पछि उक्त अटो तथा विद्युतीय रिक्सा, धनी स्वंयमले नष्ट गर्नुपर्नेछ । त्यसरी नष्ट नगरेमा उक्त अटो तथा ई-रिक्साको दर्ता तथा रुट इजाजत खारेज गरिनेछ । तर यसै कार्यविधि बमोजिमको प्राविधिक जाँचबाट संचालन योग्य नदेखिएमा जुनसुकै बेला स्वतः दर्ता तथा रुट इजाजत खारेज हुनेछ।

(२) उप-दफा १ बमोजिम खारेज भएको दर्ता नं. मा सोही रिक्सा धनीलाई कायम गर्न पाइने नपाइने भन्ने बारेको निर्णय व्यवस्थापन समितिले निर्णय गरे बमोजिम हुनेछ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यातायात व्यवस्था कार्यालयमा दर्ता भई संचालन भएका ई-रिक्साहरुको हकमा यसै कार्यविधि बमोजिमको प्रकृया अपनाई निर्धारित संख्या भित्रै परेको हकमा कोहलपुर नगरकार्यपालिकाको कार्यालयमा ठाँउसारी गर्नु पर्नेछ । त्यसरी ठाँउसारी नभएका ई-रिक्साहरुलाई रुट इजाजत उपलब्ध गराइने छैन । ठाँउसारी गर्न कम्तिमा ३५ दिनको सुचना गरिनेछ।

(४) जरिवानाबाट प्राप्त हुने रकमको व्यवस्थापन देहाय बमोजिम गरिनेछ।

क) ट्राफिक व्यवस्थापन तथा अनुगमन

ख) ट्राफिक नियम अनुशिक्षण तथा सचेतनामुलक कार्यक्रम

ग) उत्कृष्ट चालक पुरस्कार

घ) जरिवानाको १०% रकम फिल्डमा खटिने सम्बन्धित नगर प्रहरी कर्मचारीलाई प्रोत्साहन स्वरुप वितरण गरिनेछ।

(५) कोहलपुर नगरपालिकाबाट अनुमति लिई सञ्चालन हुने अटो तथा विद्युतीय रिक्सामा नगरपालिकाबाट वितरण हुने तोकिए बमोजिमको स्टिकर लगाउनुपर्नेछ।

**३५. खारेजी र बचाउः** (१) विद्युतीय रिक्सा संचालन, व्यवस्थापन तथा नियमन सम्बन्धि कार्यविधि २०७६ खारेज गरिएको छ।

(२) सो कार्यविधि बमोजिम हालसम्म भए गरेका सम्पुर्ण कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

## अनुसूची - १
## (दफा ७ संग सम्बन्धीत)
## सवारी दर्ता/ नवीकरण/ संचालन अनुमति/ रुट इजाजत/ जाँचपास निवेदनको ढाँचा

मितिः....................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु,
कोहलपुर नगरपालिका, बाँके।

विषयः- ई-रिक्सा दर्ता/नविकरण/सञ्चालन अनुमति/रुट इजाजत/जाँचपास सम्बन्धमा।

सवारीको किसिमः
सवारी धनीको नामः
धनीको स्थायी ठेगानाः
अन्यत्र दर्ता भए/नभएकोः
तेस्रो पक्ष विमा भए/नभएकोः

सवारीको नामः
सवारी खरिद मितिः
सवारीको सिट क्षमताः
रुट ईजाजत क्षेत्रः

महाशय,

उल्लिखित विवरण भरी "ई-रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि कार्यविधि, २०७९" ले तोकेको अधिनमा रहि श्रीमान समक्ष यो निवेदन लेखि पेश गरेको छु ।

**निवेदक**

नामः
ठेगानाः
दस्तखतः
सम्पर्क नः
मितिः

**अनुसूची - २**

**(दफा ५ सँग सम्बन्धित)**

**सवारी दर्ता प्रमाण – पत्र को ढाँचा**

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

| सवारी धनीको फोटो |
|---|

सि.नः-
सवारी दर्ता नः-
सवारी धनीको नामः-
सवारी धनीको वतनः-
सम्पर्क नः-
दर्ता मितिः-
सवारीको किसिमः-
कम्पनीको नामः-
सवारीको मोडेलः-
बनेको सालः-
सिलिण्डर संख्याः-
हर्सपावर सि.सिः-
च्यासिस नः-
इन्जिन नः-
सवारीको रङः-
चालक सहितको क्षमताः-
पेट्रोलः-     डिजलः-     ब्याट्रिः-
खरिद भई आएको मानिस वा कम्पनी दर्ता गर्ने

दर्ता गर्ने अधिकारीको
नामः-
दस्तखतः-
मितिः-

सवारी धनीको
फोटो

**सवारी धनीको नाम, थर, वतन............................**

**नामसारी गर्ने अधिकारीको**
**नाम थर :**
**हस्ताक्षरः-**
**मितिः-**

## प्रमाणपत्रको नविकरण

| नवीकरण गरेको मिति | नवीकरण म्याद पुग्ने मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|
| | | |
| | | |

## सवारी जाँचेको

| सवारी जाँचेको मिति | नवीकरण म्याद पुग्ने मिति | जाँच्ने अधिकारीको सही |
|---|---|---|
| | | |

**कैफियत**

**अनुसूची -३**
**(दफा ३ सँग सम्बन्धित)**
**ई-रिक्सा संचालन गर्न अनुमति पत्रको ढाँचा**
कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्याल
कार्यालय, बाँके

| फोटो |
|---|

दर्ताः-
दर्ता मितिः-

विद्युतीय रिक्सा संचालन, व्यवस्थापन तथा नियमन संबन्धी कार्यविधि, २०७९ को दफा ३ अनुसार देहायको सेवा सञ्चालन गर्न यो अनुमति पत्र दिइएको छ।

१) व्यक्ति/ फर्म/ कम्पनीको नामः-
२) ठेगानाः-
३) कारोवारको मुख्य स्थानः-
४) सञ्चालन गर्ने सेवाको किसिमः-
५) धनी/ साझेदार/ सञ्चालन (मुख्य व्यक्ति) को नाम, थर र दर्जाः-
६) ठेगानाः-
७) दस्तखत

**(प्रमुख प्रशासकिय अधिकृत)**

## अनुसूची – ४
## (दफा ११ सँग सम्बन्धित)
## रुट परमिट (बाटो इजाजत-पत्र) को ढाँचा

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

इजाजत दिने अधिकारीको
नामः-
दर्जाः-
दस्तखतः-
सवारी नः-
च्यासिस नः-
इन्जिन नः-
मोडेलः-
निर्माण कम्पनीको नाम, ठेगानाः-
इजाजत पत्र नः-
सवारीको किसिमः-
सवारी धनी वा व्यवस्थापकको नाम र ठेगानाः-
सवारी धनी वा व्यवस्थापकको दस्तखतः-

| इजाजत पाएको क्षेत्र (बाटो) | वहाल अवधि | इजाजत दिने वा नविकरण गर्ने अधिकारीको दस्तखत र मिति |
|---|---|---|
| | | |
| | | |

अनुसूची-५

(दफा २९ संग सम्बन्धित)

कोहलपुर नगरपालिका नगर कार्यापालिकाको कार्यालय कोहलपुर बाँके

# ई-रिक्सा चालक परिचय-पत्र (अस्थायी)

**जारी मितिः** **अन्तिम मितिः**

**नम्बरः**

**नामः**

**बुवाको नामः**

**स्थायी ठेगानाः**

**ना.प्र.प.न.**

**जन्म मितिः**

**रक्त समुहः**

**वर्गः**

**सम्पर्क नः**

फोटोमा पर्ने गरी स्वंयको दस्तखत

जारी गर्ने अधिकारीको दस्तखत

## अनुसूची - ६
## (दफा ५ सँग सम्बन्धित)

### ई-रिक्सा सञ्चालन सम्बन्धी दस्तुर

| सि.न. | विवरण | दस्तुर | कैफियत |
|---|---|---|---|
| १. | ई-रिक्सा संचालन अनुमति पत्र- | १००० | |
| २. | सवारी दर्ता प्रमाण-पत्र | ५०० | |
| ३. | सवारी दर्ता प्रमाण-पत्र नविकरण | ५०० | |
| ४. | रुट इजाजत | ३०० | |
| ५. | रुट इजाजत नविकरण | २०० | |
| ६. | सवारी जाँचपास | ५०० | |
| ७. | जाँचपास नवीकरण | ३०० | |
| ८. | सवारी चालक परिचय पत्र | ५०० | |

**द्रश्टब्यः**- नविकरण समयावधि समाप्त भएमा १ वर्ष सम्म १००%, २ वर्ष सम्म २००%, ३ वर्ष सम्म ३००% जरीवाना लाग्नेछ र सो भन्दा बढी भएमा सवारी दर्ता खारेज हुनेछ। सवारी दर्ता खारेज भएपछि पुनः नँया प्रक्रिया बमोजिम सवारी दर्ता गर्नुपर्नेछ ।

## अनुसूची -७
## (दफा १८ संग सम्बन्धित)
## अटो तथा विद्युतीय रिक्सा सञ्चालन सम्बन्धी भाडा दर

| सि.न | सडक | भाडा |
|---|---|---|
| | **चौराहाबाट दक्षिण तर्फ** | |
| १ | कोहलपुर चौराहा देखि साझा चोक | रु.२०/- |
| २ | कोहलपुर चौराहा देखि पिपल चौतारा | रु.३०/- |
| ३ | कोहलपुर चौराहा देखि हाई स्कुल | रु.४०/- |
| ४ | कोहलपुर चौराहा देखि रामनगर | रु.५०/- |
| ५ | कोहलपुर चौराहा देखि गोल्छा | रु.५०/- |
| ६ | कोहलपुर चौराहा देखि पिपरी | रु.६०/- |
| ७ | कोहलपुर चौराहा देखि हवल्दारपुर | रु.७०/- |
| ८ | कोहलपुर चौराहा देखि पार्वतीपुर | रु.८०/- |
| ९ | कोहलपुर चौराहा देखि बागेश्वरी स्कुल | रु.४०/- |
| १० | कोहलपुर चौराहा देखि चटार गाँउ | रु.४०/- |
| | **चौराहा देखि पश्चिम तर्फ** | |
| ११ | कोहलपुर चौराहा देखि मेडिकल कलेज | रु.२०/- |
| १२ | कोहलपुर चौराहा देखि एन.सि.सि.एन | रु.३०/- |
| १३ | कोहलपुर चौराहा देखि किरण नाला | रु.४०/- |
| १४ | कोहलपुर चौराहा देखि मदनचोक | रु.५०/- |
| १५ | कोहलपुर चौराहा देखि मैटहवा | रु.६०/- |
| | कोहलपुर चौराहा देखि बनकटवा | रु.७०/- |
| १६ | कोहलपुर चौराहा देखि सम्झना चोक | रु.८०/- |
| | **चौराहा देखि पुर्व तर्फ** | |
| १६ | कोहलपुर चौराहा देखि चप्परगौडी | रु.२०/- |
| १७ | कोहलपुर चौराहा देखि ज्ञान ज्योति उ.मा.वि | रु.३०/- |
| १८ | कोहलपुर चौराहा देखि कालिका मन्दिर | रु.४०/- |
| १९ | कोहलपुर चौराहा देखि रोहिनी खोला भिउ टावर | रु.५०/- |
| २० | कोहलपुर चौराहा देखि सिम्री | रु.७०/- |
| २१ | कोहलपुर चौराहा देखि दिप ज्योति | रु.४०/- |
| २२ | कोहलपुर चौराहा देखि निवुवा | रु.४०/- |
| २३ | कोहलपुर चौराहा देखि मसुरीखेत | रु.५०/- |

| | | |
|---|---|---|
| २४ | कोहलपुर चौराहा देखि खड्कवार | रु.६०/- |
| | **कोहलपुर चौराहा देखि उत्तर तर्फ** | |
| २५ | कोहलपुर चौराहा देखि सालको बोट | रु.२०/- |
| २६ | कोहलपुर चौराहा देखि मनकामना चोक | रु.३०/- |
| २७ | कोहलपुर चौराहा देखि कौशिला नगर | रु.३०/- |
| २८ | कोहलपुर चौराहा देखि पानि ट्यांकी | रु.४०/- |
| २९ | कोहलपुर चौराहा देखि वानियाभार | रु.५०/- |
| ३० | कोहलपुर चौराहा देखि नौवस्ता | रु.९०/- |
| ३१ | कोहलपुर चौराहा देखि गाभर | रु.७०/- |
| ३२ | कोहलपुर चौराहा देखि गाभर भ्याली | रु.९०/- |
| ३३ | कोहलपुर चौराहा देखि चिसापानी | रु.८०/- |
| | **कोहलपुर चौराहा देखि भित्रि बजार** | |
| ३४ | कोहलपुर चौराहा देखि एन.टि.भी | रु.२०/- |
| ३५ | कोहलपुर चौराहा देखि पर्यटन बोर्ड | रु.२०/- |
| ३६ | कोहलपुर चौराहा देखि कृषि बजार | रु.२०/- |
| ३७ | कोहलपुर चौराहा देखि दुर्गा मन्दिर | रु.३०/- |
| ३८ | कोहलपुर चौराहा देखि नर्सरी | रु.५०/- |
| ३९ | कोहलपुर चौराहा देखि मनकामना मन्दिर | रु.३०/- |
| ४० | कोहलपुर चौराहा देखि आयाम नगर | रु.३०/- |
| ४१ | कोहलपुर चौराहा देखि ट्याकर डाँडा | रु.४०/- |
| ४२ | कोहलपुर चौराहा देखि रझेना | रु.६०/- |
| ४३ | कोहलपुर चौराहा देखि गोहवा | रु.८०/- |
| ४४ | कोहलपुर चौराहा देखि शिव मन्दिर | रु.४०/- |
| ४५ | कोहलपुर चौराहा देखि गौरी डाँडा | रु.८०/- |
| ४६ | कोहलपुर चौराहा देखि तिलकपुर | रु.८०/- |
| ४७ | कोहलपुर चौराहा देखि लक्ष्मी मा.वि | रु.५०/- |
| ४८ | कोहलपुर चौराहा देखि गोर्खा स्कुल | रु.५०/- |

**अनुसूची – ८**
**(दफा ११ सँग सम्बन्धित)**
**रुट विवरण**

| सि.न | सडक | कैफियत |
|---|---|---|
| १ | नगरपालिका क्षेत्र भित्र | |
| २ | कोहलपुर देखि ढकेरी सम्म | |
| ३ | कोहलपुर देखि चिसापानी सम्म | |

## अनुसूची – ९

(दफा ३३ (ङ) सँग सम्बन्धित)

**कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय**

**कोहलपुर, बाँके**

(यो पुर्जीको म्याद २४ घण्टा रहनेछ)

.......................वतन भएका....................... नं. को सवारीका चालक/धनी ....................... ले ....................... कसुर गरेकोले अटो तथा विद्युतीय रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि २०७९ को दफा ३३ बमोजिम जरिवाना प्रयोजनार्थ यो पुर्जी जारी गरिएको छ।

**कार्वाहीको लागि खिचिएको कागजपत्रः**

क) सवारी दर्ता किताब

ख) रुट परमिट

ग) सवारी चालक अनुमति पत्र,

घ) जाँचपास

मितिः-

स्थानः-

समयः

पुर्जी बुझिलिनेको नामः-

कागज खिचिलिनेको दस्तखतः

नामः-

पदः-

दस्तखतः-

**प्रमाणीकरण मिति:**

**मिति: २०७९/०७/२५**

**आज्ञाले**

**टिकाराम ढकाल**

**प्रमुख प्रशासकीय अधिकृत**